मायादेवी गाउँपालिका
Mayadevi Rural Municipality
गाउँ कार्यपालिकाको कार्यालय
Office of the Rural Municipal Executive
कम्हरिया, रुपन्देही Kamhariya, Rupandehi
५ नम्बर प्रदेश, नेपाल
5 No. Province, Nepal

पत्र संख्या :-/Ref. No. :

चलानी नं. :-/Dispatch No.:

प्रथम पटक प्रकाशित मितिः २०७७ मंसिर १७ गते

## आ.व.२०७७/०७८ को लागि दानव र तिनाउ नदिबाट बालुवा, ग्राभेल उत्खनन् गरी बिक्री गर्ने कार्यको बोलपत्र आव्हान सम्बन्धि सूचना

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६२क. र मायादेवी गाउपालिकाको आर्थिक ऐन २०७७ को दफा ७(२) को ब्यवस्था बमोजिम नदिजन्य पदार्थ उत्खनन् गरी यस गाउँकार्यपालिकाको २०७७/०८/११ गतेको निर्णय तथा तोकेको दरमा बिक्री गर्ने गरि ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले सूचना प्रकाशित भएको मितिले तोकिएको म्याद भित्र कानूनी प्रक्रिया पूरा गरेका ईच्छुक फर्म/कम्पनीहरुले फर्मको नबिरण भएको कागजात, मूल्य अभिबृद्धि करमा दर्ता भएको प्रमाण पत्र, आ.ब. २०७६/७७ को कर चुक्ता प्रमाण पत्र र नेपाली नागरिकताकव प्रमाणपत्रको प्रमाणित प्रतिलिपीहरु संलग्न गरि तपसिल बमोजिमका शर्तहरुको अधिनमा रहि बोलपत्र खरिद गरी देहायको मिति र समय भित्र शिलबन्दी बोलपत्र यस कार्यालयमा पेश गर्नुहुन सूचित गरिन्छ । अन्य थप जानकारीका लागि गाउँकार्यपालिकाको सूचनापाटी वेभसाईट www.mayadevimunrupandehi.gov.np तथा कार्यालय समय भित्र यस गाउँ कार्यापालिकाको कार्यालयको राजश्व शाखामा सम्पर्क राख्न सकिनेछ ।

### ठेक्का विवरण

| क्र.सं. | आय ठेक्का नं. | बोलपत्रको बिबरण | उत्खनन् परिमाण (घन फिट) | न्यूनतम ठेक्का अंक (मु.अ.कर तथा अन्य कर बाहेक) रु. | बोलपत्र दस्तुर रु. | कैफियत |
|---|---|---|---|---|---|---|
| १. | ७/मायादेवी/राजश्व/२०७७-७८ | दानव नदि/निबिहवा घाट (उत्तर) | ५३४४२१ घ.फु. | ६४,१३,०५२/- | ३००० | |
| २. | ८/मायादेवी/राजश्व/२०७७-७८ | दानव नदि/निबिहवा घाट (दक्षिण) | २००२०८ घ.फु. | २४,०२,४९६/- | ३००० | |
| ३. | ९/मायादेवी/राजश्व/२०७७-७८ | तिनाउ नदि/महुवारी घाट | १४२६२४ घ.फु. | १७,११,४८८/- | १००० | |
| ४. | १०/मायादेवी/राजश्व/२०७७-७८ | तिनाउ नदि/बैरिहवा घाट | २२५१२२ घ.फु. | २७,०१,४६४/- | ३००० | |
| ५. | ११/मायादेवी/राजश्व/२०७७-७८ | तिनाउ नदि/गोनहिया घाट | ४६४७६८ घ.फु. | ५५,७७,२१६/- | ३००० | |
| ६. | १२/मायादेवी/राजश्व/२०७७-७८ | दानव नदि/लुक्ठाहवा घाट | ५३१३४ घ.फु. | ६,३७,६०८/- | १००० | |
| ७. | १३/मायादेवी/राजश्व/२०७७-७८ | तिनाउ नदि/लुक्ठाहवा घाट | १५७३०६ घ.फु. | १८,८७,६७२/- | १००० | |

शर्तहरु

१. बोलपत्र खरिद २०७७/०९/०१ गतेसम्म कार्यालय समय भित्र मायादेवी गाउँकार्यपालिकाको कार्यालय, कम्हरिया, रुपन्देहीबाट गर्न सकिनेछ । खरिद भएका बोलपत्रहरु २०७७/०९/०२ दिन अपरान्ह १२:०० बजे भित्र मायादेवी गाउँकार्यापालिकाको कार्यालय कम्हरिया, रुपन्देहीमा दर्ता गर्न सकिनेछ र दर्ता भएका बोलपत्रहरु सोही दिनको २:०० बजे खोलिनेछ ।

मायादेवी गाउँपालिका
Mayadevi Rural Municipality
गाउँ कार्यपालिकाको कार्यालय
Office of the Rural Municipal Executive
कम्हरिया, रुपन्देही Kamhariya, Rupandehi
५ नम्बर प्रदेश, नेपाल
5 No. Province, Nepal

पत्र संख्या :-/Ref. No. :

चलानी नं. :-/Dispatch No.:

२. बोलपत्रदाताले खामको बाहिर पट्टी ठेक्का नं., ठेक्का विवरण र नाम प्रष्ट बुझिने गरी लेख्नु पर्नेछ । बोलपत्र खरिदकर्ताले प्रत्येक ठेक्काको लागि छुट्टाछुट्टै बोलपत्र फाराम खरिद गरी छुट्टाछुट्टै दर्ता गर्नुपर्नेछ । यस गाउँपालिकाको वेभसाइटबाट समेत www.mayadevimunrupandehi.gov.np बोलपत्रको सुचना हेर्न सकिनेछ ।

३. बोलपत्र खरिदकर्ताले बोलपत्र फाराम खरिद गर्दा मु.अ.कर. दर्ताको प्रमाण, कर चुक्ताको प्रमाण, फर्म दर्ता र नविकरणको प्रमाणित प्रतिलिपि साथ तोकिएको दस्तुर तिरी खरिद गर्नुपर्नेछ ।

४. ठेक्का लिन चाहने इच्छुक फर्मले कबोल अंकलाई अधार मानी धरौटी बापत कबोल अंकको ५ प्रतिशत रकम धरौटी राख्नु पर्नेछ । धरौटी बापत यस मायादेवी गाउँपालिकाको कार्यालय, कम्हरिया, रुपन्देहीको नाममा रहेको प्राईम कर्मिसयल बैङ्क, बेथरी शाखाको ०६४००१६५CA धरौटी खातामा रकम जम्मा गरेको भौचर सक्कल प्रति वा नेपाल राष्ट्र बैंक बाट मान्यता प्राप्त (क) वर्गको बाणिज्य बैंक बाट जारी गरिएको कम्तिमा १२० (एक सय बीस दिन) मान्य हुने बिडबण्डको सक्कल प्रति पेश गरेको हुनु पर्नेछ । शिलबन्दि बोलपत्रका साथ जमानत वापतको रकम नगद राखेमा मान्य नहुनुका साथै जमानत वापतको नगद रकम जफतसमेत गरिने छ।

५. बोलपत्र स्वीकृत भए पश्चात कबोल गरेको रकम र सो मा लाग्ने कर दाखिला गरी आवश्यक कागजात सहित कार्य सम्झौताको लागि सम्पर्क राख्नु पर्नेछ ।

६. बोलपत्र खरिदकर्ताले आफुले कबोल गरेको रकम अंक र अक्षरमा प्रष्ट देखिने गरी लेख्नु पर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिइनेछ । दर्ता भएको शिलबन्दी बोलपत्र फिर्ता तथा संशोधन हुनेछैन ।

७. बोलपत्र खरिद तथा दाखिला गर्ने दिन वा खोल्ने दिन सार्वजनिक बिदा परेमा सोको भोलिपल्ट माथी उल्लेखित समयमा दाखिला गर्नुपर्नेछ, साथै त्यसै बमोजिम खोल्ने कार्यक्रम पनि हुनेछ । सूचना प्रकाशन भएको ८ औं दिनमा पूर्व बोलपत्र बैठक ( Pre-Bid Meeting ) बस्नेछ ।

८. रितपूर्वक दाखिला भएका बोलपत्र स्वीकृत गर्ने वा नगर्ने वा सूचना रद्द गर्ने वा सूचना संशोधन लगायतका आदि सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ । साथै कुनै शर्त सहितको बोलपत्र स्वीकार हुने छैन ।

९. बोलपत्रदाता नेपाल सरकार, प्रदेश सरकार तथा गाउँपालिकाको कार्यालयले समय समयमा दिइएको निर्देशनको पालन गर्नुपर्नेछ । साथै कार्यालय तथा बोलपत्रदाता बिच कुनै विवाद उत्खनन् भएमा यस कार्यालयले गरेको निर्णय नै अन्तिम हुनेछ ।

१०. प्रचलित नियमानुसार कालोसुचिमा परेका, गाउँपालिका कार्यालयलाई बुझाउनपर्ने बाँकी बक्यौता भएका व्यक्ती, फर्म तथा कम्पनीहरुको बोलपत्र कुनै कार्यवाहि हुने छैन ।

११. यस सुचनामा उल्लेख भएका शर्तहरु लगाएत यस गाउँकार्यपालिकाको निर्णयनुसार दिइने सुझाव यस ठेक्का प्रयोजनको लागी अभिन्न अंगको रुपमा मानिनेछन् ।

१२. प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन २०७७ (IEE) का प्रावधानहरुको व्यवस्था गर्ने अधिकार मायादेवी गाउँपालिकामा सुरक्षीत रहनेछ ।

१३. यस सुचनामा उल्लेख भएको विषय यसै सुचना बमोजिम र यस सुचनामा उल्लेख नभएको हकमा प्रचलित ऐन नियम, प्रारम्भिक वातावरणिय परिक्षण प्रतिवेदन २०७७ वमोजिम हुनेछ ।

१४. बजार मुल्य ठेक्का सम्झौताको बखत आपसी समझदारीमा तय गरिने छ ।

.......................................

प्रमुख प्रशासकीय अधिकृत